जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजबिराज दैनिक

वर्ष ३० अंक ३० २०७७ साल भदौ ५ गते शुक्रबार (21 Aug 2020 Friday) मूल्य रु. ५/-

२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : जोखिम रोक्न एक्सन : आधा ... ३ पृष्ठमा : पारिवारिक कल्याणको कामनाले ... ३ पृष्ठमाभारतमा एकैदिन झण्डै ...

# तीस लाख मुल्य बराबरको मदिरासहित ट्रक प्रहरी नियन्त्रणमा



**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौं ।**

सशस्त्र प्रहरीले अवैध तरिकाबाट भारततर्फ लगिदै गरेको करिब ३० लाख मुल्य बराबरको मदिरासहित एक ट्रक नियन्त्रणमा लिएको छ ।

उक्त मुल्य बराबरको करिब ६ सय कार्टुन मदिरा ट्रकमा लोड गरि भारततर्फ लगिदै गरेको अवस्थामा बुधबार राती सशस्त्र प्रहरीले सप्तरीको राजगढ गाउँपालिकाको बनैनियाको झौरहा चैक नजिकैबाट नियन्त्रणमा लिएको हो ।

ना.२ख. ७२७२ नम्बरको ट्रकमा भारततर्फ ठूलो परिमाणमा मदिरा निकासी भइरहेको गोप्य सूचनाको आधारमा सशस्त्र प्रहरी बल हेडक्वाटर ६ नं. गण तथा सशस्त्र प्रहरी बल नेपाल २ नं. बाहिनी बर्दिवासको संयुक्त टोलीले नियन्त्रणमा लिएको जनाइएको छ ।

बरामद मदिरामा मामा श्री, सोफिया लगायतका रहेको र त्यसको ३० लाख रुँपैया पर्ने प्रारम्भिक मुल्याङ्कन गरिएको सशस्त्र प्रहरी बल हेडक्वाटर ६ नं. गणका प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिए ।

यता अध्यारोको फायदा उठाउँदै मदिरा बोकेको ट्रकको चालक फरार भएको तथा भारततर्फ तस्करी गर्न लागेको मदिरा र ट्रक कारवाहीका लागि बिहीबार तिलाठी कोइलाडी गाउँपालिकास्थित बेल्ही भन्सार कार्यालयमा बुझाइएको उनले बताए ।

# मृत्युपछि युवामा कोरोना पुष्टि
## कोरोनाबाट मृत्यु हुनेको संख्या चार पुग्यो

**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौं ।**

राजविराजका एक युवामा मृत्युपछि कोरोना संक्रमणको पुष्टि भएको छ । राजविराज ४ निवासी २७ वर्षिय अरमान भनिने मा. तनबिर सिद्दिकीको मृत्युपछि कोरोना पुष्टि भएको हो ।

ज्वरो तथा स्वास प्रश्वासमा समस्या देखिएपछि उपचारका लागि मंगलबार साँझ धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याए लगत्तै मृत्यु भएको थियो ।

उनको मंगलबार राती नै स्थानिय नुरी कब्रिस्तानमा नवाज पढेर परम्परा अनुसार अन्तिम संस्कार गरिएको थियो ।

मृत्युपश्चात् परिक्षणका लागि लिएको स्वाबको बुधबार अबेर राती प्राप्त परिक्षण रिपोर्टले कोरोना पोजेटिभ भएको पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

कोरोना संक्रमण भएको पुष्टिसँगै उनलाई अस्वस्थ्य भएका बेला भेट्न गएका, उपचारका लागि धरान लैजाँदा सँगै गएका तथा मृत्यु संस्कारमा सहभागि भएका सबैमा त्रास फैलिएको छ ।

यसैबीच कोरोनाकै कारण मृत्यु भएको पुष्टि भएसँगै बिहीबार मृतकको घर सिल गरि परिवारजन तथा अन्य सम्पर्कमा आएकाहरुको पहिचान तथा स्वाब संकलन कार्य अघि बढाइएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् । यससँगै कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ४ पुगेको छ ।

पत्रकार आचारसंहिता र बालमैत्री सञ्चार निर्देशिकाको पालना गरौं ।
महिला, बालबालिकाका समाचारमा प्रकाशन र प्रसारणगर्दा सावधानी अपनाऔं ।।

१ लैङ्गिक हिंसा सम्बन्धी यौनजन्य दुर्व्यवहार, बलात्कार, जबरजस्ती करणीको प्रयास जस्ता आपराधिक घटनाहरु सामाजिक सञ्जाल, सञ्चार माध्यमहरुबाट सार्वजनिक गर्दा गोपनीयता, गाम्भिर्यता र संवेदनशीलताको ख्याल गरी महिला तथा किशोरीहरुको सम्मानित जीवन बाँच्न पाउने अधिकार हनन् हुने किसिमबाट सामग्रीको सम्प्रेषण तथा प्रचार प्रसार नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामूलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit Quick & Easy
prabhu Money Transfer
CITY EXPRESS
IME International Money Express
IME pay
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय

# अन्य विकल्पतर्फ समेत गम्भिर बनौं

विगत दुई सातादेखी सप्तरीको जनजिवन लकडाउनका कारण प्रभावित बनेको छ । कोरोना महामारी नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यले जिल्लालाई पुनः दोश्रो पटक लकडाउन गरिएको हो । यसअघि नेपाल सरकारले गत चैतको ११ गतेदेखी साउन ७ गतेसम्म लकडाउन गरेको थियो । विश्वभरि महामारीले विक्राल रुप लिइरहेको अवस्था नेपालमा समेत महामारी तिब्र रुपमा फैलिदै गइरहेको छ । यस्तो अवस्थामा सरकारले साउनको ७ गते लकडाउन अन्त्य गरेसँगै सप्तरी जिल्लामा भने महामारी समुदायस्तरमा फैलिन नदिन स्थानिय प्रशासनले पुनः लकडाउन गर्ने अवस्थामा पुगेको हो ।

लकडाउनका क्रममा गरिब, विपन्न समुदाय निकै प्रभावित भएका छन् । उनीहरुको दैनिकी जिवन अत्यन्त कष्ठकर बितिरहेको छ । दैनिकी मजदुरी गरेर दुई छाक टार्दै आएका ती समुदायमा अहिले खानपिनको समस्या भएको छ । गत लकडाउनमा सरकारले राहत प्रदान गरेको थियो । तर, अहिले त्यस्तो कुनै राहत बितरण गरिएको छैन् ।

तसर्थ महामारीसँग जुध्न लकडाउन पनि विकल्प हो तर, अन्तिम विकल्प भने होइन् । महामारीसँगै जनताको पिरमार्का समेतलाई ध्यानमा राखेर सरकारले यसको अन्य विकल्पतर्फ समेत गम्भिर हुनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जोखिम रोक्न एक्सन : आधा मुलुक ठप्प

काठमाडौँ, ४ भदौ (रासस) ।

कोभिड-१९ सङ्क्रमण रोक्न यतिखेर जिल्ला प्रशासन कार्यालय र स्थानीय तह सक्रिय रुपमा लागेका छन् । झण्डै बन्दाबन्दीको झै प्रशासनले उपयुक्त आदेशहरु जारी गरिरहेका छन् ।

सरकारले समय समयमा दिएको आदेश र निर्देशन कार्यान्ययन गर्दै प्रशासन सङ्क्रामक रोग ऐन २०२० र स्थानीय प्रशासन ऐन २०२८ ले दिएको अधिकार प्रयोग गरी निषेधको आदेश जारी गरी सङ्क्रमण रोक्न क्रियाशिल छ ।

जिल्लामा कोभिड-१९ सङ्क्रमणको अवस्था विश्लेषण गरी प्रशासनले बन्दाबन्दी, जिल्लामा पूर्ण वा आङ्शिक निषेधको आदेश जारी गर्ने अथवा अन्य उपयुक्त र आवश्यक निर्णय गरी कार्यान्वयन गरिरहेका छन् । गृह मन्त्रालयबाट प्राप्त विवरणअनुसार मुलुकको ४० जिल्लामा यस्तो आदेश जारी भइसकेको छ । तथ्याङ्क हेर्दा अहिले मुलुकको आधा भाग ठप्प हुन पुगेको छ ।

मन्त्रालयका सूचना अधिकारी प्रेमलाल लामिछानेका अनुसार जसमा अहिलेसम्म काभ्रेपलाञ्चोक, नुवाकोट र कपिलवस्तुले केही स्थान विषेशमा निषेधाज्ञा लागू गरिएको छैन भने अत्यावश्यक बाहेकका सेवा रोकेको छ ।

काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले भीडभाड हुने कार्यालयका सेवा, सार्वजनिक यातायात बन्द गरिएको जानकारी दिनुभयो । उहाँले पालिकाहरु आफैँले सेवा बन्द गरेको बताउनभयो । सीमित समयमा बजार खुला गर्ने निर्णय गरिएको छ । उहाँका अनुसार निषेधको आदेश जारी भने गरिएको छैन । निजी सवारी भने खुला नै छ । अन्य १२ जिल्लाले आङ्शिक निषेधको आदेश जारी गरेको छ भने बाँकी जिल्लाले भने पूर्ण निषेधको आदेश जारी गरेको लामिछानेले बताउनुभयो ।

सरकारले नेपालमा साउन ६ देखि बन्दाबन्दी सकिएको घोषणा गरेको थियो । सङ्क्रमणको उच्च जोखिम देखिएपछि शुरुमा स्याङ्जा जिल्लाले त्यसको दुई दिन नबित्दै साउन ८ मा लागू हुने गरी अत्यावश्यक बाहेकको सेवा रोकेको थियो । "जोखिम रोक्नलाई हामीले ८ गतेदेखि नै निषेधको आदेश जारी गरेका हौँ", स्याङ्जाका प्रमुख जिल्ला अधिकारी गङ्गाबहादुर क्षेत्रीले रासससँग भन्नुभयो, "छुी अहिले हाम्रो अवस्था नियन्त्रणमा आएको छ ।"

उहाँका अनुसार स्याङ्जामा अहिलेसम्म दुई जनाको मृत्यु भएको छ भने ३०५ जना सङ्क्रमित छन् । अहिले २० जना आइसोलेशनमा छन् । त्यसपछि साउन १० मा वीरगञ्ज महनगरपालिकामा आदेश जारी भएको थियो । साउन १९ मा पर्सा जिल्ला नै ठप्प भयो ।

सबैभन्दा बढी सङ्क्रमण देखिन थालेको काठमाडौँ उपत्यकाको तीन जिल्लामा भने बिहीबारदेखि एक साताका लागि अत्यावश्यक बाहेकका गतिविधिमा निषेधाज्ञा जारी गरिएको छ । त्यसअघि भदौ १ गतेबाट गोरखामा पनि सङ्क्रमण बढ्न थालेपछि सो सम्बन्धी आदेश जारी गरिएको प्रजिअ तीर्थराज भट्टराई बताउनुहुन्छ । स्थानीयस्तरबाट दबाब आएकाले निषेधाज्ञा गरिएको र आगामी आइतबार खुलाउने तयारी गरिएको उहाँले बताउनुभयो ।

मुख्यत कोभिड-१९ को सङ्क्रमण फैलन नदिन कै लागि स्थानीय तह र प्रशासन सक्रिय भएका हुन् । अहिले ती निकायको भूमिका बढेको छ । सरकार र गृह मन्त्रालयको निर्देशनअनुसार र कानूनले दिएको अधिकार प्रयोग गरी जिल्ला जिल्लामा आफ्नै हिसाबले उपयुक्त आदेश जारी हुने गरेको छ ।

उहाँका अनुसार ४० जिल्लामा यस्तो निर्णय भइसकेको छ । अन्य जिल्लाले पनि उच्च सावधनी अपनाउँदै काम गरिरहेका छन् । अहिलेसम्म सबैभन्दा बढी प्रदेश नं २ मा सङ्क्रमण फैलिएको छ । पछिल्लो समयमा उपत्यकामा फैलने दर तीव्र गतिमा गइरहेको छ ।

बिहीबार प्राप्त विवरणमा उपत्यकामा मात्रै पछिल्लो २४ घण्टामा २०० जना सङ्क्रमित भेटिए । मुलुकभर एक दिनमा ७०० भन्दा बढी पोजेटिभ देखिएको छ । सङ्क्रमित २९ हजार नाघि सकेका छन् । मृत्युदर पनि बढ्दो छ ।

सङ्क्रमण रोक्न सरकारले चैत ११ गते घोषणा गरेको बन्दाबन्दी साउन ६ गतेदेखि अन्त्य गरेको थियो । त्यसपछि मानिसको चहलपहल बढ्दा विस्तारै सङ्क्रमणले गति लिएको थियो । बढी फैलिन थालेपछि कतिपय जिल्लाले साउनको दोस्रो साताबाटै विभिन्न गतिविधिमा निषेधको आदेश जारी गरी कार्यान्वयन गरेको थियो । विस्तारै जिल्लाजिल्लाबाट शुरु भएको आदेश अहिले उपत्यकामा पनि लागू गरिएको छ ।

गृह मन्त्रालयले दिएको जानकारीअनुसार काठमाडौँ, ललितपुर, भक्तपुर, सप्तरी, धनुषा, बाँके, बारा, पर्सा, महोत्तरी, सर्लाही, जुम्ला, रौतहट, मकवानपुर, धादिङ, रुकुम पश्चिम, धनकुटा, तनहुँ, उदयपुर, सुर्खेतमा निषेधको आदेश जारी गरिएको छ ।

यस्तै चितवन, दोलखा, नवलपुरासी पश्चिम, नवलपरासी बर्दाघाट सुस्ता पूर्व, गोरखा, सिन्धुपाल्चोक, बाग्लुङ, सिराहा, मोरङ, दार्चुला, झापा, अर्घाँखाँची, कास्की, रुपन्देही, स्याङ्जा, बाग्लुङ, पाल्पा, रामेछापलगायत जिल्लामा निषेधको आदेश जारी भएको छ ।

**यस्तो छ कानूनी व्यवस्था**

स्थानीय प्रशासन ऐन २०२८ को परिच्छेद ३ मा कसैले कुनै काम गर्न लाग्दा वा कही केही वस्तु रहँदा वा कसैले राख्दा हुलदङ्गा भई शान्ति सुरक्षा भङ्ग हुने वा कसैलाई वाधा विरोध पर्ने वा जनस्वास्थ्यलाई खराब असर पर्ने सम्भावना भएमा प्रमुख जिल्ला अधिकारीले कसैलाई कुनै काम गर्न दिनबाट निषेध गर्नसक्ने अधिकार दिएको छ ।

कुनै ठाउँमा हुलदङ्गा वा अशान्ति भएमा वा हुन सक्ने पर्याप्त आधार भएमा सो परिस्थितिलाई दृष्टिगत गरी प्रमुख जिल्ला अधिकारीले क्षेत्र र समय तोकी सो क्षेत्र र समयमा हुलदङ्गा वा अशान्ति गर्ने उद्देश्यले एकै ठाउँमा पाँच जनाभन्दा बढी मानिस जम्मा हुन नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

त्यस्तो आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पाँच सय रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ । यस्तै सङ्क्रामक रोग ऐन २०२० ऐनमा आदेशलाई अपहेलना गर्ने व्यक्ति उपर एक महिनासम्म कैद वा रु १०० सम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । त्यस्तै यो ऐनअन्तर्गत काममा बाधा पुऱ्याउनेलाई छ महिनासम्म कैद वा रु ६०० सम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । सोही अधिकारको प्रयोग गरी सङ्क्रमण रोक्ने प्रयास भएको हो । स्वास्थ्य मापदण्ड प्रयोगमा नागरिक पनि सचेत हुनुपर्ने जनस्वास्थ्य विज्ञहरु बताउँछन् ।

हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

यी रोगसँ बचबाक लेल की करैय परतई ?

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

आरो ध्यान देववाला बात :

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - दयानन्द गोइत
अध्यक्ष
बलानबिहुल गाउँपालिका, सप्तरी

# पारिवारिक कल्याणको कामनाले गरिने तीज व्रत

काठमाडौँ, ५ भदौ (रासस)।

शास्त्रीय रुपमा महिला, पुरुष दुवैले हरितालिका (तीज) को व्रत गर्नुपर्ने भएपनि सामाजिक चर्चा भने महिलाले श्रीमान्‌को दीर्घायुको कामनाका लागि गर्ने बुझाइ छ।

व्रत गर्ने पुरुषले विधुर हुनु नपर्ने, नारीले अटल सौभाग्य र अविवाहित केटा केटीले गुण सम्पन्न वर वा वधु पाउने शास्त्रीय मत रहेको धर्मशास्त्रविद्‌ एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो।

भाद्र शुक्ल तृतीयाका दिनमा मनाइने हरितालिका (तीज) पर्व आज देवादिदेव महादेवको पूजा आराधना गरी मनाईदैछ। भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव पार्वतीको पूजा, उपासना गरेमा सुख, शान्ति र कल्याणको प्राप्ति हुने धार्मिक विश्वास छ।

सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने बरदान पाएकी थिइन्‌। तर पिता हिमालयले पार्वतीको इच्छा विपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरुलाई आफ्नो समस्या सुनाइन्‌। पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरुले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए। साथीहरुले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई पतिका रुपमा प्राप्त गरिन्‌।

यसरी पार्वती साथीहरुद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने प्रचलन शुरु भएको धर्मशास्त्रीय मत छ। संस्कृत भाषाका 'हरित' र 'आलिका' दुईवटा शब्द मिलेर हरितालिका शब्द बनेको छ। जसमा 'हरित' शब्दको अर्थ हरण गरिएको र 'आलिका' शब्दको अर्थ साथी भन्ने हुन्छ।

सत्ययुगमा आजैको दिन निराहार व्रत बसी पार्वतीले श्रीमहादेव स्वामी पाएकीले आजको दिनमा व्रत बस्दा मनोकामना पूरा हुने विश्वास छ। तर यसको अर्थ सबै नारी निराहार व्रत बस्नुपर्छ भन्ने नरहेको धर्मशास्त्रविद्‌ गौतमले सुनाउनुभयो। "निराहार, जलाहार र फलाहार गरी व्रतका तीन किसिम छन्‌, सक्नेले निराहार, नसक्नेले जलाहार र जलाहार पनि नसक्नेले फलाहार गरी व्रत गर्नु उत्तम हुन्छ", उहाँले भन्नुभयो। "सर्वतः आत्मानं गोपायेत्‌" अर्थात्‌ सबैतिरबाट आत्माको रक्षा गर अनिमात्र व्रत गर भन्ने धर्मशास्त्रीय वाक्यलाई पनि विचार गरेर व्रत गर्नु उत्तम हुन्छ।

स्वास्थ्य ठीक नहुनेले गहुँको रोटी, मकैको रोटी, स्याउ, सुन्तला, केरा जस्ता फलाहार गरेर पनि व्रत बस्न सकिने पनि उहाँले जानकारी दिनुभयो। श्रीमान्‌को दीर्घायुको कामनाका लागि मात्र तीजको व्रत बसिने भनेर गलत प्रचार भइरहेको वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुख डा देवमणि भट्टराईले बताउनुभयो। "अटल सौभाग्यको कामनाका लागि, सन्तान प्राप्तिका लागि, अविवाहित केटी एवं केटाहरुले असल वर र बधु प्राप्तिका लागि पनि तीजको व्रत बस्ने शास्त्रीय विधान छ", उहाँले भन्नुभयो।

नारीले परिवारको अभिभावकका रुपमा प्रतिनिधित्व गरी व्रत बस्ने भएकाले नसकेका अवस्थामा अथवा रजस्वला भएका बेलामा पुरुषले पनि व्रत बस्ने गरेका छन्‌। यस अर्थमा अहिले केही नारीवादीले उठाएजस्तो विभेदकारी व्रत परम्परा पनि तीज नभएको धर्मशास्त्रविदहरुको भनाई छ।

समग्रमा मनोकामना पूर्ण गराउने र सम्पूर्ण परिवारको कल्याणका लागि यो व्रतको प्रयोजन रहेको धर्मशास्त्रीहरुको मत छ। आत्मावादी र ईश्वरवादी दुवैले यो व्रत लिने गरेका छन्‌। समग्रमा परिवारको यस लोकमा सुख, शान्ति र पारलौकिक सद्‌गतिका लागि तीजको व्रतको महत्व छ। व्रत सकाम, निष्काम, नित्य, नैमित्तिक र काम्य गरी पाँच किसिमका छन्‌। तीजको व्रत नित्य र काम्य दुवै खालको भएको धर्मशास्त्रीय मान्यता छ। तीजको व्रत हिन्दु मात्रका लागि नभई मानव मात्रका लागि भएको कुरा धर्मशास्त्रीय ग्रन्थहरुमा उल्लेख गरिएको पनि उहाँहरुले सुनाउनुभयो।

'अकरणे प्रत्यवाय श्रवणात्‌ करणे फल श्रवणाच्च हरितालिका व्रतं नित्यं काम्यं च भवति' भनी धर्मशास्त्रीय ग्रन्थमा उल्लेख गरिएकाले पनि यस व्रतलाई संकुचित अर्थमा लिन नहुने पनि समितिका अध्यक्ष गौतमले बताउनुभयो। जसको अर्थ हुन्छ यो व्रत नगर्दा दोष लाग्छ, गरेमा फल प्राप्त हुन्छ, यो व्रत नित्य र नैमित्तिक दुवै हो। पुरुषले घर बाहिरको काम गर्ने र महिलाले गृह व्यवस्थापनका काम गर्ने प्रचलन बस्न थाल्यो। महिलाले घर लगायत धर्मकर्मका काम गर्न थालेपछि व्रत बस्ने जिम्मेवारी पनि दिइएको बुझिन्छ। प्रायः घरमा धर्मकर्मका काम महिलाले नै गर्छन्‌।

यो व्रत सक्नेले निराहार बस्ने भएकाले बिहीबार व्रतालुहरुले मीठा मीठा परिकार दरका रुपमा खाई आजको व्रतका लागि पूर्व तयारी गर्छन्‌। विशेषगरी माइती एवं दाजुभाइले छोरीचेली, दिदीबहिनीलाई बोलाई दर खुवाउने गर्दछन्‌। दर दुई भाग रात हुँदै खाइसक्नुपर्ने शास्त्रीय विधान छ। महिलाहरुले वर्षदिनभर आफुलाई परेका दुःख, पीर, मर्कालाई पोख्ने पर्वका रुपमा समेत उपयोग गर्ने गरेका छन्‌। तीजको अवसरमा गीतका माध्यमबाट यस्ता मर्कालाई महिलाहरुले सार्वजनिक गर्दछन्‌। पछिल्लो समयमा तीजका नाममा उच्छृङ्खलता र तडक भडक आएको छ। एक महीना अघिदेखि दर खाने, गरगहना एवं पोशाक प्रदर्शन गर्ने जस्ता गतिविधिले तीजको संस्कृतिलाई विकृतिका रुपमा लैजान खोजेको छ।

यस्ता गतिविधिले नहुनेलाई खिन्न बनाउने भएकाले पनि विकृति रोकिनुपर्नेमा पनि संस्कृतिविद्‌ एवं धर्मशास्त्रीहरुले जोड दिएका छन्‌। एक महीना अघिदेखि नै दर खाने चलन पछिल्लो समय बढ्न थालेपनि भाद्र शुक्ल द्वितीयाको बेलुकीको समय शास्त्रीय रुपमा तोकिएको छ।

बिहीबार दर खाएपछि औपचारिक रुपमा शुरु हुने तीज पर्व ऋषि पञ्चमीसम्म मनाइन्छ। तृतीयाका दिन हरितालिका व्रत, चौँथीका दिन, गणेश भगवान्‌को पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धती सहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ। यस वर्ष पर्वका अवसरमा मन्दिर नखुल्ने भएको छ। पशुपतिनाथ लगायत मुख्य मन्दिर चैतदेखि नै बन्द छन्‌। बुधबार रातिदेखि निषेधाज्ञा लागू भएपछि यस वर्ष महिलाले घरमै महादेवको पूजा आराधना गरी तीन मनाउँदै छन्‌।

## 'युवाले दीर्घरोगी र ज्येष्ठ नागरिकसँग दूरी राख्नुपर्छ'

काठमाडौँ, ४ भदौ (रासस)।

मनमोहन कार्डियोलोजी अस्पतालका मुटु शल्यचिकित्सक डा अनिल भट्टराईले घरका युवाले सकेसम्म दीर्घरोगी र ज्येष्ठ नागरिकसँग दूरी राख्नुपर्ने बताउनुभएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा उहाँले घरमा कोही दीर्घरोगी भएमा सकेसम्म उहाँहरुलाई छुट्टै कोठाको व्यवस्था गर्न सल्लाह दिनुभयो।

घर बाहिर निस्कने युवाले नियमित औषधि खाइरहेका दीर्घरोगीसँग सकेसम्म नजिक नजान र घुलमिल हुन नहुने उहाँको भनाइ छ। अहिले नेपालमा सङ्क्रमण युवाबाट सरिरहेकाले उनीहरुले बालबालिका र बृद्धसँग टाढा बस्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "सम्भव भएसम्म छुट्टै बाथरुम र छुटै कोठाको व्यवस्था गर्नुपर्छ।"

विभिन्न किसीमका मुटुरोगीलाई आफूले खाइरहेको औषधीलाई निरन्तरता दिन पनि डा भट्टराईले अनुरोध गर्नुभयो। अहिलेको समयमा चिकित्सकसम्म जान सजिलो नभएकाले खाइरहेकै औषधीलाई निरन्तरता दिनुपर्ने उहाँको सल्लाह छ। उहाँले भन्नुभयो, "सकेसम्म दुईतीन महिनालाई औषधी व्यवस्था गर्नु राम्रो हुन्छ।"

अस्पतालले शल्यक्रिया गर्नुपर्ने बिरामीको पिसिआर परीक्षण गर्ने गरेको

बाँकी अन्तिम पृष्ठमा


# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक

शाखा : सिंहदरबार परिसर

खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष

खाता नं.: १९६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# विश्व समाचार

## भारतमा एकैदिन झण्डै ७० हजार संक्रमित थपिए

नयाँ दिल्ली, ४ भदौ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको संख्या ७० हजारसम्म पुग्न लागेको छ।

सरकारी अधिकारीहरुले बिहीबार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा ६९ हजार ६५२ जना सङ्क्रमित भेटिएका छन्‌।

योसँगै भारतमा अहिलेसम्म कुल सङ्क्रमितको संख्या २८ लाख भन्दा बढी पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। पछिल्लो विवरण अनुसार भारतमा अहिलेसम्म २८ लाख ३६ हजार ९२६सङ्क्रमित भएका हुन्‌।

तीमध्ये छ लाख ८६ हजार ३९५ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेको मन्त्रालयका अधिकारीहरुले जनाएका छन्‌।

त्यसैगरी भारतमा अहिलेसम्म कोरोनाका कारण मृत्यु भएकाहरुको संख्या ५३ हजार ८६६ पुगेको छ। तीमध्ये ९७७ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो।

भारतमा कुल सङ्क्रमितमध्ये २० लाख ९६ हजार ६६५ जना सङ्क्रमणमुक्त भएका छन्‌। यो संख्या सन्तोषजनक रहेको अधिकारीहरुले बताएका छन्‌।

प्रदेश अनुसार हेर्दा भारतमा सबैभन्दा धेरै महाराष्ट्र राज्य प्रभावित भएको छ। त्यसपछि तमिलनाडु, कर्नाटक, दिल्ली लगायतका प्रदेशहरु बढी प्रभावित भएका छन्‌।

## बंगालमा तीन व्यक्ति पक्राउ

पश्चिम बंगाल, भारत, ४ भदौ (रासस/पिटिआई)।

भारतको पश्चिम बंगालमा १५० किलोग्राम गाँजासहित तीन व्यक्ति पक्राउ परेका छन्‌।

पश्चिम बंगालको दक्षिण २४ पाग्रानस जिल्लाबाट उनीहरुलाई पक्राउ गरिएको प्रहरीले बिहीबार जानकारी दिएको छ।

प्रहरीको टोलीले बुधबार राती गस्तीमा रहेकै बेला उनीहरुलाई नौ लाख भारतीय रुपैया बराबरको गाँजा सहित पक्राउ गरेको थियो।

प्रहरीले गाँजा तस्करीका बारेमा थप अनुसन्धान भइरहेको जनाएको छ। भारतको कानुनमा गाँजा ओसारपसार र बेचबिखन बर्जित छ।

## राष्ट्रिय झण्डा च्यात्ने युवा प्रहरी नियन्त्रणमा

रणघाट, भारत, ४ भदौ (रासस/पिटिआई)।

भारतको राष्ट्रिय झण्डा च्यातेको आरोपमा भारतमा एक युवालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

देशको पश्चिम बंगाल राज्य अन्तर्गत पर्ने नाडिया जिल्लाबाट ती व्यक्तिलाई पक्राउ गरिएको प्रहरीले बिहीबार जनाएको छ।

धन्तला प्रहरी चौकीका प्रहरीले बुधबार चन्चल विश्वास नाम गरेका व्यक्तिलाई नियन्त्रणमा लिएको हो।

भारतमा राष्ट्रिय झण्डा च्यात्ने वा नष्ट गर्ने कार्यलाई कानुन अनुसार दण्डनीय मानिन्छ।

## रुसी सरकारका आलोचक नाभाल्नी अस्पताल भर्ना

मस्को, ४ भदौ (रासस/एएनआई)।

रुस सरकारका कडा आलोचक तथा विपक्षी अगुवा एलेक्सी नाभाल्नी बिहीबार अस्पताल भर्ना हुनुभएको छ।

शंकास्पद रुपमा विषाक्त पदार्थको सेवन गरेपछि उहाँलाई अस्पताल भर्ना गरिएको सरकारी अधिकारीहरुले जानकारी दिएका छन्‌।

भ्रष्टाचार विरुद्धको फाउन्डेसनका सञ्चार सचिव किरा यर्मयशले दिएको जानकारी अनुसार बिहीबार बिहान टम्सकबाट मस्को फर्किरहेका बेलादेखि उहाँले असहज महसुस गर्नुभएको थियो।

"उहाँले उडानकै बेलामा अप्ठ्यारो महसुस गर्नुभएको थियो, ओम्स्कमा विमान आकस्मिक अवतरण गरिएको थियो," सञ्चार सचिव किराले भन्नुभयो।

उहाँले सामाजिक सञ्जाल ट्वीटरमा लेख्दै विपक्षी अगुवा नाभाल्नीलाई विषाक्त खाद्यान्नका कारण समस्या भएकाले अस्पताल भर्ना गरिएको जानकारी दिनुभयो।

अवस्था जटिल भएपछि उहाँलाई अहिले अति सघन उपचार कक्ष (आइसियु)मा राखेर उपचार गराइएको अधिकारीहरुले जनाएका छन्‌।

ओम्स्क विमानस्थलले पनि एक जना हवाई यात्रुको स्वास्थ्य अवस्थामा समस्या उत्पन्न भएपछि ती यात्रु रहेको विमान आकस्मिक अवतरण गरिएको पुष्टि गरेको छ।

# चन्द समूहका दुई जना पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौं ।**

नेत्रविक्रम चन्द समूहकी नेतृ उमा भुजेलसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

भुजेल र सोही समूहका सुमन सिंह पौडेललाई बुधबार सुनसरीबाट पक्राउ गरि सप्तरी ल्याइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सुनसरीमा दुबै जना माथी राज्य बिरुद्धको कसुर, विस्फोटक पदार्थ र संगठित अपराध निवारण ऐन अन्तरगत मुद्दा चलाइएको थियो ।

उक्त मुद्दामा सुनसरी जिल्ला अदालतले साधारण तारेखमा छोड्ने आदेश दिएको थियो । अदालत परिसरबाट बाहिरिए लगत्तै सुनसरी प्रहरीले पक्राउ गरि सप्तरी प्रहरीलाई बुझाएको थियो । दुबै जनालाई बिहीबार सप्तरी जिल्ला अदालतबाट १५ दिनको म्याद थप गराई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय कंचनपुरबाट उनीहरुमाथी अभद्र व्यवहारमा मुद्दा चलाइएको छ ।

## 'युवाले दीर्घरोगी ...

डा भट्टराईले बताउनुभयो । उहाँका अनुसार कुनै बिरामीको आकस्मिक रुपमा शल्यक्रिया गर्नुपर्दा मात्रै परीक्षण नगरी हुने गर्छ । आफूले केही समय पहिले नसा पूरै काटिएको व्यक्तिको परीक्षण नै नगरी शल्यक्रिया गरेको उहाँले अनुभव सुनाउनुभयो । "त्यो व्यक्तिको शल्यक्रिया सफल भएको थियो र कोरोना सङ्क्रमण पनि पाइएन", उहाँले भन्नुभयो, "शल्यक्रियामा सहभागिले पूरै पिपिई लगाइन्छ भने बिरामीको पनि त्यसपछि परीक्षण गरिन्छ ।"

उहाँले कोभिडविरुद्धको महामारी सबैको भएकाले सबै मिलेर यसलाई जित्न लाग्नुपर्नेमा जोड दिनुभयो । यसको उपचारमा खटिएका आमनागरिकले चिकित्शक, नर्स र स्वास्थ्यकर्मीलाई सहानुभुति राख्नुपर्ने उहाँले बताउनुभयो । धेरै स्वास्थ्यकर्मीले जोखिम मोलेर पनि उपचार गरिरहकेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "कतिपय डाक्टर नर्सको घर भनेरै तर्सिएको पनि पाइन्छ ।"

सबै नागरिकले स्वास्थ्य सावधानीका उपाय अपनाउनुपर्नेमा डा. भट्टराईको जोड छ। भीडभाडमा सकेसम्म नजान र जानुपर्दा मास्क र सेनेटाइजरको प्रयोग गर्न उहाँले सबैलाई अनुरोध गर्नुभयो । लामो समयसम्म कार्यालयमा बस्ने र भीडमा जानुपर्नै पेशामा व्यक्तिले घर छिर्दा लुगा बाहिर खोल्ने र हातखुटा धोएर मात्रै भित्र पस्नुपर्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "आवश्यक सबै सुरक्षाका उपाय अपनाउन सके मात्रै यसबाट अरुलाई रोग सार्नबाट बचाउन सकिन्छ ।" उहाँले घरमा बसिरहेकाले स्वस्थ खानपानमा ध्यान दिनुपर्ने बताउनुभयो । नुन र चिनिको मात्रा कम गरेर हरियो तरकारी र सागसब्जीको मात्राम बढाउनुपर्नै उहाँको सल्लाह छ।

# कुटपिटबाट महिलाको मृत्यु, चार पक्राउ

लहान, ४ भदौ (रासस) ।

सिरहाको अर्नमा गाउँपालिका-५ कृष्णपुरमा बाटाको विषयलाई लिएर विवाद बढ्दै गई कुटपिट हुँदा एक महिलाको मृत्यु भएको छ । बाटोको विषयलाई स्थानीयवासीबीच कुटपिट हुँदा गम्भीर घाइते भएकी कृष्णपुरकी ५० वर्षीया सीतादेवी राउतको मृत्यु भएको प्रहरीले जनाएको छ ।

स्थानीयवासीको लाठी प्रहारबाट अनुहार र शरीरका भित्री भागमा चोट लागेको राउतको जिल्ला अस्पताल सिरहामा उपचारको क्रममा बुधबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । घटनालगतै जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको प्रहरी टोलीले कुटपिटमा संलग्न आरोपमा स्थानीय ४७ वर्षीय बालदेव साह, ३८ वर्षीय कमलेश राउत, ४६ वर्षीया लीलादेवी राउत र २२ वर्षीया सुलेखा राउतलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक बिनोद घिमिरेले जानकारी दिनुभयो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक घिमिरेले बताउनुभयो ।

# गोली हानी पुजारीको हत्या

रौतहट, ४ भदौ (रासस) ।

यहाँको एक मन्दिरका पुजारीलाई गोली हानी हत्या गरिएको छ । बुधबार राति करीब साढे ९ बजे माधवनारायण नगरपालिका वडा नम्बर २ खेसरहियाटोल स्थित हनुमान मन्दिरका पुजारी ६५ वर्षीय श्रीराम साहको कञ्चटमा गोली हानी हत्या गरिएको हो ।

पुजारी साहको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक ज्ञानकुमार महतोले बताउनुभयो । मन्दिर परिसरमै पकाइएको खाना तयारी अवस्थामा रहेका बेला पुजारी साहलाई गोली हानी हत्या गरिएको छ । जिल्ला प्रहरी कार्यालयबाट प्रहरी उपरीक्षक रविराज खड्कासहितको टोलीले घटनास्थलमा पुगेर अनुसन्धान प्रक्रिया अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठले जानकारी दिनुभयो ।

पुजारी साहको शव परीक्षणकाका लागि राति नै जिल्ला अस्पताल गौर ल्याइएको छ । सो क्षेत्रमा सादा पोशाकमा प्रहरी परिचालन गरिएको जनाइएको छ ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता – **योगेन्द्र चौधरी**
**प्रमुख**
**शम्भुनाथ नगरपालिका, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
prabhu Bikas Bank, Hello PAISA, prabhu CO-OPERATIVE SERVICE
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money CHAUDHARY GROUP

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np